कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Ref No :-

चलानी नं. / Dispatch No.:-

मिति : २०७९/०७/१५

# सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यस कञ्चन गाउँपालिकाको आ.ब. ०७९/०८० को गाउँसभा बाट स्वीकृत बार्षिक कार्यक्रम अनुसार अनुदानमा गहुँ बीउ वितरण कार्यक्रम रहेको हुदा यस गाउँपालिका अन्तर्गतका कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (बिजय,गौतम,एनएल र बाणगंगा,भृकुटी र तिलोत्तमा जातको) उन्नत गहुँको बीउ मागको लागि आ-आफ्नो वडा कार्यालय मार्फत सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

२०७९/०७/१५

.........................
काशीराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

## तपशिल

१. उपलब्ध हुने बीउ आगामी बर्ष बीउको रुपमा प्रयोग गर्ने उद्देश्य अनुरुप भएकोले प्रति कृषक बढिमा १० के.जी. र प्रति वडा लाई बढिमा ६५०० के.जी. मात्र माग संकलन गर्नुहुन अनुरोध छ ।

२. गहुँ बीउको लागि परल मूल्य रु.७२ प्रति के.जी.को पचास प्रतिशत लागत सहभागिता वापत प्रति के.जी. रु ३६ (छत्तिस) का दरले कृषकले सम्बन्धित वडा कार्यालय मार्फत रकम जम्मा गर्नुपर्ने छ।

३. कृषक समूहको हकमा आफ्नो समूह दर्ता प्रमाण पत्र नविकरणको प्रतिलिपि सहित कृषि विकास शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ। कृषक समूहलाई बढिमा १२० के.जी तथा कृषि फर्महरुलाई बढीमा ४० के.जी.विउ उपलब्ध गराउन सकिने छ र सोको लागि कृषि विकास शाखामा रकम जम्मा गर्नु पर्नेछ।

४. माग धेरै भएमा पहिला माग गर्ने पहिलो प्राथमिकताको आधारमा वितरण गरिनेछ।

५. सूचनाको म्याद भित्र बिउ माग तथा सो वापतको रकम जम्मा नगरेमा बिउ उपलब्ध गराउन सकिनेछैन।

६. थप जानकारीको लागि : कृषि विकास शाखा वा मो.नं. ९८४८८९९३३४ वा मो.नं.९८४७०००४४४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

काशीराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत